प्रदेश लोक सेवा आयोग

कर्णाली प्रदेश, सुर्खेत

(परीक्षा सञ्चालन तथा व्यवस्थापन शाखा)

सूचना नं. ५१/२०८३-८४, मिति २०८३/०८/११

स्थानीय सेवा (प्राविधिक), अधिकृतस्तर आठौं तह, मेडिकल अधिकृत पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।

यस आयोगको विज्ञापन नम्बर ५०७-५०८।२०८३-८४ (खुला र आ.ज.), स्थानीय स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह, अधिकृतस्तर आठौं तह, मेडिकल अधिकृत पदको लागि आवेदन दिएका मध्ये दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरूको प्रथम चरणको लिखित परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

परीक्षा कार्यक्रम

क्र.स.	विषय	पत्र	परीक्षा मिति र समय	अवधि
१.	जनरल हेल्थ सर्भिसेज	प्रथम	२०८३/०८/२९ गते, बिहानको ८:३० बजे	१ घण्टा ३० मिनेट
२.		द्वितीय	२०८३/०८/२९ गते, दिनको १:३० बजे	३ घण्टा

परीक्षा केन्द्र

क्र.स.	रोल नम्बर		परीक्षा केन्द्र	परीक्षार्थी संख्या
	देखि	सम्म		
१.	१	सबै	श्री प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ("क" केन्द्र) (कालुङ्चोकको उत्तरतर्फ)	१७

द्रष्टव्य: (परीक्षार्थीहरुले अनिवार्य पालना गर्नुपर्ने बिषयहरु)

१. आयोगको पूर्व सूचना बिना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।
२. प्रवेशपत्र बिना परीक्षामा सहभागी गराईने छैन। प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले यस कार्यालयबाट अनिवार्य रुपमा परीक्षा सञ्चालन हुनुभन्दा एक दिन अगावै प्रवेशपत्र लिइसक्नु पर्नेछ। परीक्षा शुरु हुन भन्दा १ (एक) घण्टा अगावै परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ।
३. **परीक्षा दिन आउँदा नेपाली नागरिकताको सक्कल प्रमाण पत्र वा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै परिचय-पत्र लिई आउनुपर्नेछ अन्यथा परीक्षामा सहभागी गराइने छैन।**
४. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नु पर्नेछ।
५. परीक्षा भवनमा झोला, मोबाइल तथा अन्य विद्युतीय सामग्री लैजान निषेध गरिएको छ।
६. उत्तरपुस्तिकामा कालो मसी भएको कलम/डटपेन मात्र प्रयोग गर्नु पर्नेछ।

२०८३/०८/११

(समिक्षा सोमै)
शाखा अधिकृत

टेलिफोन नं.: ०८३-५९०३००, ५९०३०१ इमेल: ppsckarnali@gmail.com, info.ppsc@karnali.gov.np वेबसाईट: https://ppsc.karnali.gov.np